| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | | संघीय सरकारको सशर्त, विशेष र समपुरक अनुदान | २४,३३,५९,५०० | ८,६०,००,००० | - | ३२,९३,५९,५०० |
| ५ | | प्रदेश सरकारको विशेष र समपुरक अनुदान | १,१२,८५,००० | १,१३,८५,००० | - | २,२६,७०,००० |
| ६ | | सामाजिक सुरक्षा तथा संरक्षण | २२,००,००,००० | - | - | २२,००,००,००० |
| ७ | | अन्य अनुदान(सडक बोर्ड) | - | ५०,००,००० | - | ५०,००,००० |
| | | जम्मा | ७३,३३,४४,५०० | २५,२४,२०,४७५ | | ९८,५७,६४,९७५ |

**नगर सभा समक्ष पेश गरेको मिति २०८१।०३।१०**

**आज्ञाले**
**पदमराज भट्ट**
**प्रमुख प्रशासकीय अधिकृत**





जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# स्थानीय राजपत्र


## बेदकोट नगरपालिकाबाट प्रकाशित

खण्डः ७ संख्याः २ मितिः २०८१/०३/१५

सिसैया, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल


भाग १

## बेदकोट नगरपालिकाको विनियोजन ऐन २०८१

## बेदकोट नगरपालिका विनियोजन ऐन

बेदकोट नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही

रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः बेदकोट नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने

अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम बेदकोट नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्तनाम र प्रारम्भः**

(क) यस ऐनको नाम “ बेदकोट नगरपालिकाको विनियोजन ऐन, २०८१” रहेको छ।

(ख) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(क) आर्थिक वर्ष २०८१।०८२ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ माथि उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ९८,५७,६४,९७५ ।–(अक्षरेपी अन्ठानब्बे करोड सन्ताउन्न लाख चौसठ्ठी हजार नौ सय पचहत्तर मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः

(क) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।०८२ को निमित्त बेदकोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन





गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृतिलिनु पर्नेछ।

अनुसूचि–१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरपालिका | २३,९०,००,००० | ९,७२,३५,४७५ | - | ३३,६२,३५,४७५ |
| २ | | वडा कार्यालय | - | ५,२८,००,००० | - | ५,२८,००,००० |
| ३ | | बिषयगत शाखा | १,९७,००,००० | - | - | १,९७,००,००० |